# स्थानीय राजपत्र

खण्डः५ | संख्याः३८ | मिति २०८३/०६/१६

भाग-२

तुम्बेवा गाउँपालिका, पाँचथरद्धारा प्रकाशित

## तुम्बेवा गाउँपालिका, पाँचथरको कर्मचारी प्रोत्साहन तथा पुरस्कार सम्बन्धी मापदण्ड, २०८३

( गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८३/०५/१७)

# तुम्बेवा गाउँपालिका, पाँचथरको कर्मचारी प्रोत्साहन तथा पुरस्कार सम्बन्धी मापदण्ड, २०८३

( गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८३/०५/१७)

**तुम्बेवा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**मौवा, पाँचथर**

**कोशी प्रदेश, नेपाल**

# तुम्बेवा गाउँपालिका, पाँचथरको कर्मचारी प्रोत्साहन तथा पुरस्कार सम्बन्धी मापदण्ड

**प्रस्तावनाः**

तुम्बेवा गाउँपालिकामा रहेर उत्कृष्टताको कार्य सम्पादन गरी गाउँपालिकाको समग्र विकासमा विशेष योगदान पुऱ्याउने कर्मचारीलाई प्रोत्साहित गरी गाउँ कार्यपालिकाको कार्यालयमा कर्मचारीबीच प्रतिस्पर्धात्मक वातावरण सिर्जना गरी समग्र कार्य वातावरणलाई थप सेवाग्राहीमैत्री बनाउने उद्देश्यले तुम्बेवा गाउँपालिकाको गाउँ कार्यपालिकाले कर्मचारी प्रोत्साहन तथा पुरस्कार सम्बन्धी मापदण्ड, २०८३ बनाई लागू गरेको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो मापदण्डको नाम "तुम्बेवा गाउँपालिकाको कर्मचारी प्रोत्साहन तथा पुरस्कार सम्बन्धी मापदण्ड, २०८३" रहेको छ।

१.२ यो मापदण्ड गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

१.३ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा–

क. कार्यालय भन्नाले " तुम्बेवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय " सम्झनु पर्दछ।

ख. "मापदण्ड" भन्नाले "तुम्बेवा गाउँपालिकाको कर्मचारी प्रोत्साहन तथा पुरस्कार सम्बन्धी मापदण्ड, २०८३" सम्झनु पर्दछ।

ग. "पुरस्कार" भन्नाले यस मापदण्ड बमोजिम प्रदान गरिने नगद वा जिन्सी पुरस्कारलाई सम्झनु पर्दछ।

घ. "सम्मान पत्र" भन्नाले यस मापदण्ड बमोजिम कर्मचारीलाई प्रदान गरिने सम्मान पत्रलाई सम्झनु पर्दछ।

ङ. "समिति" भन्नाले यस मापदण्ड बमोजिम प्रोत्साहन तथा पुरस्कार सिफारिस गर्नका लागि गठन गरिएको समितिलाई सम्झनु पर्दछ।

## २. प्रोत्साहन तथा पुरस्कार सिफारिस समितिको व्यवस्था

यस मापदण्ड बमोजिम कर्मचारीहरुलाई प्रोत्साहन तथा पुरस्कारको सिफारिस गर्नका लागि देहाय अनुसारको समिति गठन गरिनेछ।

क) गाउँपालिका उपाध्यक्ष — संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

ग) गाउँ कार्यपालिकाले मनोनयन गरेको गाउँपालिकामा कार्यरत कर्मचारीहरु मध्ये जेष्ठ कर्मचारी एक जना – सदस्य

**३. पुरस्कार तथा सम्मानका लागि कर्मचारी छनोटका आधारहरुः**

क) नेतृत्व क्षमता

ख) दक्षता र व्यवसायिक क्षमता

ग) सिर्जनशीलता र नविन अभ्यास प्रतिको अग्रसरता

घ) सामूहिक कार्यमा संलग्नता

ङ) समयपालन, नियमितता र अनुशासन( कार्यालय पोसाक, परिचय पत्र लगायतको पालना)

**४. प्रोत्साहन तथा पुरस्कारको लागि योग्य हुन आवश्यक शर्तहरुः**

यस मापदण्ड बमोजिम देहायका शर्तहरु पूरा भएका कर्मचारीहरुलाई मात्र पुरस्कारका लागि सिफारिस गरिनेछ ।

क) कम्तीमा तीन वर्ष ( ३ वर्ष) सेवा अवधि पूरा गरेको ।

ख) कुनै पनि किसिमको विभागीय सजाय नपाएको ।

ग) कार्यसम्पादन सन्तोषजनक रहेको र आफूभन्दा माथिल्लो अधिकारीबाट तोकिएको जिम्मेवारी उत्तरदायी रुपले पालना गरेको ।

घ) यस कार्यालयबाट हालसम्म कुनै पनि प्रकारको पुरस्कारबाट सम्मानित नभएको ।

(पुनश्चः एक पटक कार्यालयबाट पुरस्कृत भइसकेको कर्मचारीलाई भन्दा नयाँ कर्मचारीलाई बढी प्राथमिकता दिइनेछ ।)

ङ) माथि उल्लिखित सबै मापदण्ड पूरा भएका कर्मचारीहरुलाई समितिले अनुसूची १ बमोजिमको ढाँचामा अंक दिनेछ र बढी अंक प्राप्त गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ ।

**५. पुरस्कारको राशि र अन्य व्यवस्था**

यस मापदण्ड बमोजिम प्रदान गरिने पुरस्कारको राशि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

क. गाउँपालिका , वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीमध्ये अधिकृतस्तर र सहायकस्तर र श्रेणीविहिन कर्मचारी मध्ये बढीमा पाँच जना कर्मचारीलाई प्रशंसा पत्र सहित रु. १०,०००/- (दश हजार रुपैयाँ) नगद पुरस्कार प्रदान गरिनेछ।

ख. पुरस्कारको लागि सिफारिस भई नगद पुरस्कारको लागि छनौट नभएका सबै कर्मचारीलाई प्रशंसापत्र प्रदान गर्न सकिनेछ।

ग. उत्कृष्ट कर्मचारीहरुलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा अनुसूची २ बमोजिमको हुनेछ ।

## ६. विविध

क. यो मापदण्डमा व्यवस्था भएको विषयमा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

ख. यो मापदण्ड लागू गर्नमा कुनै बाधा वा अड्चन आएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

ग. यो मापदण्डमा संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

## अनुसुची १

## उत्कृष्ट कर्मचारी सूचक र समितिले अङ्क दिने अङ्कभार तालिका

| क्र.सं. | कर्मचारीको नाम थर | पद/ शाखा | नेतृत्व क्षमता (२० अंक) | दक्षता र व्यवसायिक क्षमता (२० अंक) | सिर्जनशीलता र नविन अभ्यास प्रतिको अग्रसरता (२० अंक) | सामूहिक कार्यमा संलग्नता (२० अंक) | समयपालन, नियमितता र अनुशासन (२० अंक) | कुल प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नोटः प्रत्येक सूचकहरुमा अंक प्रदान गर्दा ९० प्रतिशत भन्दा बढी र ५० प्रतिशत भन्दा कम अंक प्रदान गर्दा कारण खुलाउनु पर्नेछ ।

**अनुसुची २**

**उत्कृष्ट कर्मचारीलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा**

**तुम्बेवा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**मौवा, पाँचथर**

**कोशी प्रदेश, नेपाल**

**सम्मान पत्र**

तुम्बेवा गाउँपालिका, गाउँ कार्यपालिकाको मिति ............................ को निर्णय अनुसार गाउँपालिकाका कर्मचारी तपाईँ श्री ................................. लाई यहाँले गाउँपालिकाको कार्य सम्पादनमा पुर्याउनु भएको विशिष्ट योगदानको उच्च मूल्याङ्कन गर्दै उत्कृष्ट कर्मचारीको पुरस्कार सहित स-धन्यवाद यो प्रमाण पत्र प्रदान गरिएको छ । तपाईँको उतरोत्तर प्रगति एवं उज्जवल भविष्यको कामना गर्दछौँ ।

| | | |
|---|---|---|
| ......................... | .......................... | ....................... |
| प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका उपाध्यक्ष | गाउँपालिका अध्यक्ष |